"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७५।०७६

चलानी नं. : २६३

मिति : २०७५।५।८

**प्राकृतिक तथा खानीजन्य वस्तुको बिकी तथा निकासी शुल्क संकलन बारेको अत्यन्त जरुरी सूचना।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड घ. (६) अनुसार **"ढुंगा,गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरी ढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिकी तथा निकासी शुल्क दस्तुर संकलन"** को अधिकार स्थानीय सरकारको हुने व्यवस्था भएको र प्रदेश नं. ३ को **आर्थिक ऐन, २०७५ को दफा ८ को उपदफा (१) मा "आर्थिक वर्ष २०७५।७६ मा ढुंगा, चुनढुङ्गा, गिटी, बालुवा, दहत्तर, बहत्तरको संकलनमा अनुसूची ५ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ। साथै गाउपालिका वा नगरपालिकाले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी बिकी मूल्य तोक्न सक्नेछ"** भन्ने र **उपदफा (२)मा "उपदफा (१) बमोजिमको शुल्क संकलन सम्वन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ"** भन्ने व्यवस्था भएको तथा प्रदेश नं. ३ को आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.६४ मिति २०७५।०४।२२ को पत्रबाट आर्थिक ऐनको अनुसूची ५ मा संशोधन गरी कार्यान्वयनको लागि लेखि आएको हुँदा साविकमा जिल्ला विकास समितिले लगाउदै आएको यस नगरपालिका क्षेत्र भित्र उत्खनन्/संकलन गरिने **प्राकृतिक एवं खानीजन्य वस्तुको बिकी तथा निकासी शुल्क दस्तुर संकलन**को पुर्ण अधिकार हाल यस नगरपालिकालाई आई सकेको कारण उपरोक्त बमोजिमको शुल्क दस्तुर आ.व.२०७५।०७६ देखी नगरपालिकाले नै संकलन गर्नु पर्ने भएको र सो शुल्क दस्तुर संकलन गर्न ठेक्का बन्दोबस्तको लागि नगर कार्यपालिकाको निर्णय अनुसार **मिति २०७५।०५।०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**मा बोलपत्र आह्वान गरी प्रकाशन भै सकेको व्यहोरा सम्वन्धित सरोकारवालाहरुमा जानकारी गराइन्छ।

सो सूचना अनुसार ठेक्का बन्दोबस्त नभएसम्मको लागि नगरपालिकाले कर्मचारी खटाइ मिति २०७५।०५।१० गते देखि देहाय बमोजिमको दररेटमा बिकी तथा निकासी शुल्क दस्तुर असुल गर्ने व्यहोरा यसै सूचनाद्धारा सम्पूर्ण नगरवासी, सम्वन्धित व्यवसायी तथा सरोकारवालाहरुमा जानकारी गराइन्छ।

| १ संकलन, बिकी तथा निकासी शुल्क दस्तुर | | |
|---|---|---|
| क. | ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा प्रति क्यू फिट ( मु.अ.कर बाहेक) | रु. ९।०० (नौ रुपैयां मात्र) |
| ख. | माटो प्रति क्यू फिट (मु.अ.कर बाहेक ) | रु.२।५० (दुई रुपैयां पचास पैसामात्र) |
| ग. | सिसौ, साल (चट्टा गोलिया, चिरान) प्रति ट्रक | रु.४००।- (चार सय रुपैयां मात्र) |
| घ. | अन्य काठ (चट्टा गोलया, चिरान) प्रति ट्रक | रु.३००।- (तीन सय रुपैयां मात्र) |